# हाम्रो सूर्यविनायक

कक्षा २

**लेखक**

राजेश घिमिरे
निशान निष्कर्ष
डिल्लीप्रसाद वाग्ले

# हाम्रो भनाइ

विद्यालय तहको शिक्षालाई जीवनोपयोगी, व्यावहारिक, स्थानीय स्रोत र साधनसँग परिचित गराउँदै बालबालिकामा अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गराउने मूल ध्येयका साथ सूर्यविनायक नगरपालिकाद्वारा तयार पारिएको स्थानीय पाठ्यक्रम २०७८ का विषयवस्तु, क्षेत्र र क्रममा आधारित रहेर प्रस्तुत पाठ्यपुस्तक निर्माण गरिएको छ । यस पाठ्यपुस्तकमा स्थानीय ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय स्थल तथा अन्य सेरोफेरोका महत्वपूर्ण स्थल एवम् विषयवस्तु समावेश गरिएको छ । यस पाठ्यपुस्तकमा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका र स्थानीय आवश्यकताको आधारमा स्थानीय विषयवस्तुलाई समावेश गरिएको छ ।

यसमा धार्मिक, सांस्कृतिक विविधताभित्रको एकता,  सूर्यविनायक नगरपालिकाभित्रको पर्यटकीय सौन्दर्य, धार्मिक आस्था, प्रकृतिक स्रोत, विभिन्न परम्परागत एवम् आधुनिक प्रणाली, जात्रा तथा उत्सवजस्ता निधिलाई विषयवस्तुभित्र समेटिएको छ । यसले गर्दा यस सूर्यविनायक नगरपालिकाअन्तर्गतका विद्यालयबाट आधारभूत तह उत्तीर्ण गरेका विद्यार्थीले उल्लिखित विषयवस्तुसँग सम्बन्धित पाहुनालाई मार्गदर्शन गर्न सक्ने पाठ्यक्रमको अपेक्षालाई यस पाठ्यपुस्तकले समेटेको छ । पाठ्यपुस्तकमा बालबालिकाको उमेर, कक्षा र तहगत सिकाइस्तर फरक हुने हुनाले यस पक्षमा पनि ध्यान पुऱ्याइएको छ । पाठ्यक्रम तथा पाठ्यपुस्तक परिवर्तन निरन्तर प्रक्रिया भएकाले आगामी दिनमा सरोकारवाला निकाय, शिक्षक, विद्यार्थी, अभिभावक, पाठक र विद्वान्बाट प्राप्त रचनात्मक सुझावका आधारमा परिमार्जन गर्दै लगिने छ । यसलाई क्रियाकलापमुखी र विद्यार्थी केन्द्रित बनाउने, रङ्गीन चित्र राख्ने र सिर्जनात्मक क्षमता वृद्धि गर्ने खालका अभ्यास सामग्री समेट्ने तथा आवश्यकताअनुसार शिक्षण निर्देशन दिइएको छ । यस पुस्तकमा क्रियाकलापअर्न्तगत रहेका सामूहिक क्रियाकलाप तथा सिर्जना/परियोजनाअर्न्तगतका निर्देशनअनुसार विविध कार्य गरी विद्यार्थीलाई शिक्षण गराउनु आवश्यक रहेको छ ।

यसमा पाठमा पाठ्यक्रमलाई आधार बनाउँदै छिर्ने ढोका, पूर्वज्ञान, घुम्ने थलो, घुमेपछिको काम र निस्कने ढोका गरी पाठको संयोजन गरिएको छ । छिर्ने ढोका र पूर्वज्ञानबाट विद्यार्थीमा पाठ पढ्नुअघि आफूसँग भएको ज्ञानको बारेमा जानकारी पाउँछन् भने शिक्षकले पनि उक्त कुरामा विद्यार्थीको ज्ञानको तहको मूल्याङ्कन गर्न सक्छन् । घुम्ने थलो पाठगत ज्ञान हो भने घुमेपछिको काम त्यस पाठमा आधारित रहेर गरिने क्रियाकलाप हो । यसले विद्यार्थीमा क्रियाकलाप गर्ने क्षमताको विकास गराउँछ । त्यस्तै निस्कने ढोकाले उक्त एकाइभरिमा विद्यार्थीले केकस्ता सिकाइ उपलब्धि प्राप्त गरे भन्ने कुराको मूल्याङ्कन गर्छ ।

पाठ्यपुस्तक शिक्षण सिकाइको महत्वपूर्ण साधन हो । यसबाट पाठ्यक्रमद्वारा लक्षित उद्देश्य हासिल गर्न मद्दत पुग्छ । यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । पाठ्यक्रमको मूल मर्मलाई सम्बोधन गर्ने किसिमका कविता, कथा, संवाद, चिठीलगायतका रचनालाई पनि स्थान दिइएको छ । यस पाठ्यपुस्तकको लेखन तथा सम्पादन निशान निष्कर्ष, राजेश घिमिरे र डिल्लीप्रसाद वाग्लेबाट भएको हो । यसको थप परिमार्जन कार्यमा नगर प्रमुख श्री वासुदेव थापा, उपप्रमुख श्री सरिता भट्टराई तिमिल्सना, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत श्री राजेन्द्र कँडेल,

नगर प्रवक्ता श्री रविन्द्र सापकोटा, शिक्षा शाखा प्रमुख श्री रत्नबहादुर कटुवाल, अधिकृत श्री सरस्वती कोइराला, श्री उल्झन अधिकारी, श्री गोकुल राउतको प्रशासकीय सहयोग तथा लेखरचना उपलब्ध गराउन श्री रत्न सायमी, श्री ज्योति अधिकारी, श्री रामकुमारी प्रजापति, श्री कर्नेश राजथला, श्री प्रज्वल अधिकारी, श्री एकेन्द्र खड्का, श्री डा. हरिप्रसाद सिलवाल र श्री आरजु सुवेदीको विशेष योगदान रहेको छ । यसको भाषा सम्पादन श्री डा. गणेश प्रसाद भट्टराईज्यूबाट र लेआउट डिजाइन श्री .... बाट भएको हो । उहाँहरूलगायत  पाठ्यपुस्तकमा सामग्री उपलब्ध लेखक र सम्बद्ध सबैप्रति नगरपालिका कृतज्ञता प्रकट गर्छ ।

अन्त्यमा पाठ्यपुस्तकमा भएका त्रुटि औँल्याइदिनु भई रचनात्मक सुझावको अपेक्षा गर्दै स्थानीय पाठ्यक्रम कार्यान्वयन गरी नगरपालिकाको उद्देश्य पूरा गरिदिन शिक्षक, विद्यार्थी र अभिभावकमा हार्दिक अनुरोध छ ।

**सूर्यविनायक नगरपालिका**

## विषय सूची


| पाठ | पाठको नाम | पृष्ठ |
|---|---|---|
| **एकाइ एक : परिचय** | | |
| घुम्ने थलो १ | मेरो सूर्यविनायक | |
| घुम्ने थलो २ | हाम्रो पालिका हाम्रो वडा | |
| **एकाइ दुई : हाम्रो संस्कृति, मूल्य र मान्यता** | | |
| घुम्ने थलो १ | हाम्रा पर्व | |
| घुम्ने थलो २ | स्थानीय बाजा | |
| घुम्ने थलो ३ | हाम्रा लोक भाका | |
| घुम्ने थलो ४ | हाम्रा पोसाक | |
| **एकाइ तीन : प्राकृतिक सम्पदा तथा स्थानीय जडीबुटी** | | |
| घुम्ने थलो १ | हाम्रो वनजङ्गल | |
| घुम्ने थलो २ | अहो ! तितो तितेपाती | |
| **एकाइ चार : हाम्रो पर्यटन** | | |
| घुम्ने थलो १ | आशापुरेश्वर महादेव मन्दिर | |
| घुम्ने थलो २ | हाम्रो पर्यटक स्थल | |
| **एकाइ पाँच : सामाजिक सङ्घसंस्था र घरेलु तथा साना उद्योग** | | |
| घुम्ने थलो १ | टोल विकास समिति | |
| घुम्ने थलो २ | स्थानीय रूपमा निर्मित सामग्री | |
| घुम्ने थलो ३ | पशुपन्छी पालन | |
| **एकाइ छ : स्थानीय कृषि र पशुपालन** | | |
| घुम्ने थलो १ | हाम्रो बाली तरकारी | |
| घुम्ने थलो २ | हाम्रा जनावर | |
| **एकाइ सात : शिक्षा, स्वास्थ्य र खेलकुद** | | |
| घुम्ने थलो १ | व्यक्तिगत सरसफाइ | |
| घुम्ने थलो २ | स्थानीय खेलकुद | |
| **एकाइ आठ : सूचना, सञ्चार, स्थानीय प्रविधि तथा यातायात** | | |
| घुम्ने थलो १ | सञ्चारका साधन | |
| घुम्ने थलो २ | ट्राफिक हाम्रो साथी | |
| **एकाइ नौ : विपत् र विपत् व्यवस्थापन** | | |
| घुम्ने थलो १ | विपत् र त्यसको व्यवस्थापन | |

# एकाइ एक : परिचय

## छिर्ने ढोका

तपाईंको विद्यालय वरपरको जमिन हेर्नुहोस् :



## पूर्वज्ञान

**(क) तपाईंको विद्यालयवरपर कस्तो जमिन छ ? भिरालो कि सम्म परेको ?**

**(ख) जमिन किन भिरालो र सम्म परेको हुन्छ होला ?**

**घुम्ने थलो १**

## मेरो सूर्यविनायक

रानीकोटको फेदीमा छ मेरो सानो गाउँ
साथीसँगी मिलिजुली सबै घुम्न जाऊँ
माथि हेर्दा हरियो वन पारि भक्तपुर
जता हेऱ्यो रमाइलो छ मेरो सुन्दर नगर ।



काठमाडौँमै पहिलो झुल्का घाम लाग्ने ठाउँ
चरा हेर्दै रमाउँदै पाइलट बाबा जाऊँ
सुवर्णेश्वर गुप्तेश्वर धार्मिक स्थल धेरै
प्यारो लाग्छ सूर्यविनायक जन्म ठाउँ मेरै ।



खेतीपाती, पर्यटन र संस्कृति छन् खास
जाति, धर्म, वेशभूषा मिलिजुली बास
जुजु धौ र यःमरीको स्वाद कहाँ पाउँला
आऊ जात्रा मान्न यहाँ सुकुल भोज खाउँला ।

**घुमेपछिको काम**

**१. तलका प्रश्नको एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) सूर्यविनायक कस्तो छ ?

(ख) सूर्यविनायकको पारि कुन ठाउँ देखिन्छ ?

(ग) काठमाडौँ उपत्यकामा पहिलो झुल्का घाम कहाँ लाग्छ ?

(घ) सूर्यविनायकका प्रसिद्ध दुई मन्दिर कुन कुन हुन ?


**२. तपाईंको कक्षामा चार चार जनाको समूह बनाउनुहोस् र आफ्नो नगरपालिकामा रहेका मन्दिर, जाति र खानाको नाम लेखी कक्षामा सुनाउनुहोस् ।**

**३. तपाईंको साथीलाई अहिलेसम्म सबैभन्दा मन परेको खाना कुन रहेछ ? सोधेर कापीमा लेख्नुहोस् र कक्षामा सुनाउनुहोस् ।**

**घुम्ने थलो २**

## हाम्रो नगरपालिका : हाम्रो वडा

विकासको घर सूर्यविनायक नगरपालिकाको वडा नं. ४ चित्रपुरमा पर्छ । सूर्यविनायक नगरपालिकामा मिसिनुभन्दा पहिले यो दधिकोट गा. वि. स. का रूपमा चिनिन्थ्यो । उनी आफ्नो घरनजिकैको चित्रपुर आधारभूत विद्यालयमा पढ्छन् । एक दिन शिक्षकले कक्षामा आफ्नो वडाको नाम भन्न लगाउनुभयो । कक्षामा विकासका साथीले पालैपालो आफ्नो वडा र टोलको नाम भन्दै गए । उनीहरू सबै एउटै वडाबाट र एउटै नगरपालिकाबाट आएका रहेनछन् । त्यो देखेपछि शिक्षकले भन्नुभयो, “देख्नुभयो त, तपाईँहरू सबै एकै ठाउँबाट आउनुभएको होइन । फरकफरक स्थानबाट आउनुभएको हो ।” विकासले सोधिहाल्यो, “मिस हाम्रो नगरपालिकामा कतिओटा वडा छन् ?” शिक्षकले विकासलाई प्रश्न सोधेकामा धन्यवाद दिँदै भन्नुभयो, “स्याबास्, यस्तो कुरा सोध्नुपर्छ । हाम्रो यस सूर्यविनायक नगरपालिकामा १० ओटा वडा छन् ।




हाम्रो स्कुल र तपाईंको घर वडा नं. ४ मा छ । तपाईंको साथी नवीनको घर वडा नं. ३ मा छ । राकेशको त नगरपालिका नै फरक छ । राकेश भक्तपुर नगरपालिकाबाट आएको हो । हाम्रो यस भक्तपुर जिल्लामा सूर्यविनायकसमेत चारओटा नगरपालिका छन् र हरेक नगरपालिकामा वडाहरू छुट्याइएको छ ।” शिक्षक बोल्दै गर्दा कक्षाको समय सकियो । बाँकी कुरा अर्को कक्षामा भन्ने है भन्दै शिक्षक कक्षाबाट जानुभयो ।

**घुमेपछिको काम**

**१. तलका प्रश्नको एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) विकासको घर कहाँ हो ?

(ख) भक्तपुर जिल्लामा कतिओटा नगरपालिका छन् ?

(ग) सूर्यविनायक नगरपालिकामा कतिओटा वडा छन् ?

(घ) शिक्षकले विकासलाई किन धन्यवाद दिनुभयो ?

**२. तपाईंको कक्षामा चार चार जनाको समूह बनाउनुहोस् र चारै जनाको गाउँपालिकाको नाम, वडा र टोलको नाम लेखी कक्षामा सुनाउनुहोस् ।**

**३. तपाईंको कक्षामा रहेका हरेक साथीको बुबाआमाको नाम तलको तालिकामा दिएजस्तै गरी भर्नुहोस् :**

| साथीको नाम | आमाको नाम | बुबाको नाम |
|---|---|---|
| वबिना विश्वकर्मा | | |
| | | |
| | | |

**निस्कने ढोका**

**तपाईंको स्थानीय विषयको विषय शिक्षकको विवरण तलको खाली ठाउँ भर्नुहोस् र कक्षामा टाँस्नुहोस् :**

| | |
|---|---|
| शिक्षकको नाम | |
| गाउँ/नगरपालिकाको नाम | |
| वडा नम्बर | |
| टोलको नाम | |
| आमाको नाम | |
| बुबाको नाम | |

# एकाइ दुई : हाम्रो संस्कृति, मूल्य र मान्यता

**छिर्ने ढोका**

**गाईजात्रा मनाएको एउटा भिडियो कक्षामा हेर्नुहोस् :**

पूर्वज्ञान

(क) जात्रामा के के बजाइएको थियो ?

(ख) जात्रामा किन बाजा बजाइन्छ होला ?

**घुम्ने थलो १**

## हाम्रा पर्व

आमा : तिमी ठुलो भएकाले मलाई लाग्छ गर्व
ल भन त मेरो छोरा हाम्रा चाडपर्व ।



छोरा : दसैँ, तिहार, तिज, माघी, साउने मेला जानूँ ।
भन्नुस् आमा अब मैले अरू के के भनूँ ?

आमा : चाडबाड सम्पति हुन् धेरै जान्नुपर्छ
यतिमात्र छैन यहाँ अरू भन्नुपर्छ ।

छोरा : अब अरू पनि भन्छु उसो भए सुन्नु
मैले कतिओटा भनेँ औँला भाँची गन्नु ।



आमा : अहो ! हेर मेरो छोरो कति बाठो भयो
छिटो भन, अरू गफमा समय पो गयो ।

छोरा : गाईजात्रा, रक्षाबन्धन, बाला चतुर्दशी
यःमरी चाहिँ खानुपर्छ घरै बसी बसी ।

आमा : हरिबोधनी एकादशी भन्न जान्यौ भने
बिस्का जात्रा हेर्न लान्छु अरू भन्यौ भने ।

छोरा : क्रिसमस पनि मनाउने, खेल्ने होली पनि
इद पनि अरूजस्तै हाम्रै पर्व हो नि ।





**घुमेपछिको काम**

**१. तलका प्रश्नको एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) यहाँ क-कसको संवाद भएको छ ?

(ख) आमाले कुन जात्रा हेर्न जाने भन्नुभएको छ ?

(ग) छोराले किन औँला भाँच्नु भनेको हो ?

(घ) चाडबाड हाम्रा के हुन् ?

**२. तपाईँको घरमा कुन कुन चाडपर्व मनाइन्छ ? घरमा आमाबुबालाई सोधेर लेख्नुहोस् र कक्षामा सबैलाई सुनाउनुहोस् ।**

**३. माथि कुन कुन चाडपर्वको नाम दिइएको छ ? कापीमा टिपोट गर्नुहोस् ।**

**४. तलको तस्बिर हेरी तस्बिरमा के के गरिएको छ ? लेख्नुहोस् :**



घुम्ने थलो २

## स्थानीय बाजा



देवी आधारभूत विद्यालयमा आज स्थानीय विषय सिकाउने शिक्षक आउनुभएन । प्रधानाध्यापक कक्षा २ मा जानुभयो । उहाँले सबैलाई सोध्नुभयो, "बाजा कहिले बजाइन्छ ?" कक्षामा अलि छिटो बोल्ने कुमार कार्कीले भनेछन्, "सर, बिहेमा र अरू पूजामा बजाइन्छ ।" सर मुसुमुसु हाँस्नुभयो र भन्नुभयो, "हो तपाईंले भनेको ठिक हो । बाजा बिहेमा र अरु समयमा पनि बनाइन्छ । बाजा बिहान घरमा पूजा गर्दा मन्दिरमा र  अरु शुभकार्य र अशुभ कार्यमा पनि बजाइन्छ । ल हेर्नुहोस्, तलको तालिकामा केही बाजा र ती बजाइने समयको तालिका लिइएको छ ।" प्रधानाध्यापकले एकातिर बाजाको नाम र अर्कातिर बजाइने समय र स्थानको नाम लेखेर तालिका बनाइदिनुभयो ।

**स्थानीय बाजाको नाम, बजाइने समय र स्थान**

| बाजाको नाम | बजाइने स्थान | बजाइने समय |
|---|---|---|
| घण्ट/शङ्ख | मन्दिर, घर | पूजाआजा |
| बाँसुरी | मेलापात, वनजङ्गल | रमाइलो मेला, घुमघामको समय |
| मादल | मेला, रत्यौली | चाडबाड, बिहे, भोज |
| खैँजडी | भजन, बालन, मन्दिर | पूजा, बिहे |
| धिमे | जात्रा | जात्रा |
| ढ्याङ्ग्रो | घर, गुम्बा | शुभ तथा अशुभ कार्य |
| झ्याली | जात्रा, मन्दिर | जात्रा |





प्रधानाध्यापकले तालिका बनाएपछि सबै जना विद्यार्थी दङ्ग परे । यति धेरै बाजा हुँदा रहेछन् भन्ने उनीहरूलाई ज्ञान भयो । सरले अन्तिममा यिनको संरक्षण गर्नुपर्ने बताउनुभयो । त्यति नै बेला आजको कक्षा सकियो ।





**घुमेपछिको काम**

**१. तलका वाक्य ठिक भएमा ठिक र बेठिक भएमा बेठिक लेख्नुहोस् :**

(क) घण्ट बिहेमा बजाइन्छ ।

(ख) ढ्याङ्ग्रो बाजा होइन ।

(ग) मादल रोदीमा पनि बजाइन्छ ।

(घ) बाँसुरी वनजङ्गल जाँदा बजाउनुहुन्न ।

(ङ) डम्फु स्थानीय बाजा होइन ।

**२. तपाईँको घरमा कुन कुन बाजा छन् र ती केकेले बनेका छन्, लेख्नुहोस् ।**

**३. तपाईँको विद्यालयमा कुन कुन बाजा छन् ? ती कहिले कहिले बजाइन्छ ? शिक्षकलाई सोधेर लेख्नुहोस् ।**

**४. तल नाम दिइएका बाजाको चित्र बनाई रङ भर्नुहोस् :**

(क) ढ्याङ्ग्रो (ख) मादल (ख) बाँसुरी

**घुम्ने थलो ३**

# हाम्रा लोक भाका

हरियो डाँडा माथि

हलो जोत्ने साथी

हो हो माले हो

हो हो तारे हो

**-स्व. धर्मराज थापा**



माथि दिइएको गीत असारे गीत हो । यस्ता गीत असारमा धान रोप्ने समयमा गाउने गरिन्छ । यस प्रकारका गीतलाई नेपाली लोक गीत वा लोक भाका भनिन्छ । यस सूर्यविनायक नगरपालिकामा पनि अनेकौँ स्थानीय लोक भाका छन् । यहाँ चाडबाडअनुसारको लोक भाका गाउने चलन छ । बिहे र मेलामा झ्याउरे भाका र काठे भाका गाइन्छ । पूजाआजामा बालन र भजन गाउँदै धिमे बजाइन्छ । तिज, दसैँ, तिहार, होलीमा पनि चाडअनुसारको गीत गाउने प्रचलन छ । यसरी गीत गाउँदा गाउँका मानिसहरू एकै स्थानमा जम्मा भएर गाउने, रमाइलो गर्ने आदि गर्छन् ।



**घुमेपछिको काम**

**१. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) हरियो डाँडा माथि, .......... जोत्ने साथी ।

(ख) यहाँ चाडबाडअनुसारको ................ गाउने चलन छ ।

(ग) बिहे र मेलामा ............... भाका, काठे भाका गाइन्छ ।

(घ) गीत गाउँदा गाउँका ............. एकै स्थानमा जम्मा हुन्छन् ।

**२. तपाईँको घरमा, टोलमा गाइने कुनै एक लोकभाकाको एउटा गीत बुबाआमालाई सोधेर लेख्नुहोस् र कक्षमा गाएर सुनाउनुहोस् ।**

**३. लोकभाका किन सुन्नुपर्छ ? कक्षामा समूहमा छलफल गर्नुहोस् र कक्षामा पालैपालो सुनाउनुहोस् ।**

घुम्ने थलो ४

# हाम्रा पोसाक

**तलका चित्र राम्रोसँग हेर्नुहोस् :**




माथि दिइएको पोसाक तपाईंले पनि देख्नुभएको होला । कतिले त लगाउनुभएको पनि छ होला । यी पोसाक यस सूर्यविनायक नगरपालिकामा बस्ने बासिन्दाले लगाउने पोसाक हो । यी पोसाकले आफ्नो धर्म र जातिको संस्कृतिलाई जनाउँछ । यस्ता पोसाक विशेष गरेर चाडबाड र पूजाआजामा लगाउने गरिन्छ । यस्ता पोसाक लगाउने चलन धेरै पहिलेदेखि चल्दै आएको हो । यसले मानिसमा एक प्रकारको खुसी ल्याउँछ भने अर्कोतर्फ उनीहरूको पहिचान दिलाउँछ । त्यसैले आफ्नो धार्मिक, जातीय पोसाकको संरक्षण गर्नुपर्छ ।

**घुमेपछिको काम**

**१. तलका पोसाकको चित्र र उक्त पोसाक लगाउने समुदायको नामको जोडा मिलाउनुहोस् :**

| **पोसाकको चित्र** | **पोसाक लगाउने समुदाय** |
|---|---|
|  | नेवार समुदाय |
|  | ब्राह्मण समुदाय |
|  | तामाङ समुदाय |
|  | मुस्लिम समुदाय |

**२. तपाईं कुन धर्म मान्नुहुन्छ वा कुन समुदायमा बस्नुहुन्छ ? त्यसका आधारमा तलको तालिका भर्नुहोस् :**

| | |
|---|---|
| तपाईँको समुदाय | |
| तपाईँको धर्म | |
| तपाईँको घरमा बोलिने पहिलो भाषा | |

| | |
|---|---|
| तपाईँको परिवारले मनाउने मुख्य चाड | |
| तपाईँको परिवारले लगाउने मुख्य पोसाक | |
| तपाईँको समुदायको लोक भाका | |

**३. मानिसले किन जातीय पोसाक लगाउँछन् ? कक्षामा समूहमा छलफल गरी पालैपालो सुनाउनुहोस् ।**

**निस्कने ढोका**

**सबैले आफ्नो धार्मिक वा जातीय पहिचान खुल्ने पोसाक लगाई आउनुहोस् र सामूहिक रूपमा कुनै स्थानीय पर्व मनाउनुहोस् ।**

# एकाइ तीन : प्राकृतिक सम्पदा तथा स्थानीय जडीबुटी

**छिर्ने ढोका**

**विद्यालयको नजिकैको वनक्षेत्रमा घुम्न जानुहोस् वा कुनै वनको चित्र हेर्नुहोस् :**



**पूर्वज्ञान**

(क) जङ्गलमा के के पाइन्छ ?

(ख) जडीबुटी किन आवश्यक पर्छ होला ?

(ग) जङ्गल किन मास्नु हुँदैन ?

**घुम्ने थलो १**

## हाम्रो वनजङ्गल

तपाईंको टोल वा गाउँघर वरिपरि वनजङ्गल छन् ? तपाईंले जङ्गल देख्नुभएको छ ? सूर्यविनायक नगरपालिकामा धेरै ठाउँमा वनजङ्गल छन् । यहाँका जङ्गलमा सल्लो, सिमल, कटुस, गुराँस, उत्तिस, चिलाउने, बाँस, धुपी, काफलजस्ता बोटबिरुवा पाइन्छन् । जङ्गलबाट मानिसहरू भैंसी, गाई, बाख्राका लागि घाँस, स्याउला, सोत्तर प्रयोग गर्छन् । घरमा खाना बनाउन तथा आगो बाल्नका लागि दाउरा ल्याउने गर्छन् । वनजङ्गलले गाउँलेलाई धेरै फाइदा गर्छ । घाँस, स्याउला, सोत्तर घरमा पालिएका पशुको खानाको स्रोत हो । दाउरा खाना पकाउने इन्धन हो ।

वनजङ्गल मानिसका लागि अति आवश्यक छ । यसले गर्मीमा शीतल छहारी दिन्छ । जाडोमा चिसो हावा रोकेर वातावरणलाई न्यानो बनाइराख्छ । वनजङ्गलले साना तथा घरेलु उद्योगका लागि कच्चा पदार्थ पनि दिन्छ । घरमा प्रयोग गरिने डोको, डालो, नाङ्लो भकारी, मान्द्रो जङ्गलकै बाँस र निगालोबाट बनाइन्छ । घर, गोठ बनाउन आवश्यक पर्ने काठ पनि जङ्गलकै उपहार हो । यहाँको जङ्गलमा मौसम अनुसारका फलफूल पाइन्छन् । यहाँ ऐँसेलु, काफल, कटुस आदि पाइन्छ ।



वनजङ्गल वन्यजन्तु र पन्छीको बासस्थान पनि हो । यस नगरपालिकामा रहेको जङ्गलमा चितुवा, सालक, बँदेल, लङ्गुर बाँदर, मृग, दुम्सी बस्छन् । मुनाल, धनेस, कोइली, काग, चिल, तित्रा, जुरेली, न्याउली, सुगा पनि रहेका छन् । नेपालमा मात्र पाइने काँडेभ्याकुर पनि यस नगरपालिकाको वनजङ्गलमा पाइन्छ ।

मनमोहक हरियाली दृश्य यहाँको वनजङ्गलको विशेषता हो । यहाँका वनजङ्गलमा पानीका स्रोत पनि रहेका छन् । यसैले नगरपालिकाका मानिस र यहाँ आउने पर्यटक सबैले वनजङ्गल जोगाउनुपर्छ । वनजङ्गल र वनजङ्गलमा रहेका पशुपन्छी, पानीका स्रोत र जडीबुटी प्राकृतिक सम्पदा हुन् । वनजङ्गलसँगसँगै अरू प्राकृतिक सम्पदाको पनि संरक्षण गर्नुपर्छ ।

**घुमेपछिको काम**

**१. तलका प्रश्नको एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) वनजङ्गलमा के केको रुख हुँदा रहेछन् ?

(ख) वनजङ्गल के को स्रोत हो ?

(ग) वनजङ्गलमा कुन कुन जनावर पाइन्छन् ?

(घ) वनजङ्गलले जाडो र गर्मीमा के के दिन्छ ?

**२. तपाईंको घर वरपर कुन कुन बोटबिरुवा छन् ? आमाबुबालाई सोधेर १० ओटा बिरुवाको नाम लेखेर ल्याउनुहोस् ।**

**३. तपाईंको विद्यालयको नजिकैको चौरमा जानुहोस् । त्यहाँ गएर आधा घण्टासम्म बस्नुहोस् र त्यहाँ कुन कुन जीवजन्तु आउँछन् ? कापीमा टिप्नुहोस् ।**

**४. तपाईंको विद्यालय वरपर कुन कुन बिरुवा रहेछन् ? कक्षाबाहिर गई पातसहितको बिरुवा ल्याउनुहोस् ।**

**घुम्ने थलो २**

## अहो ! तितो तितेपाती

श्री डोलेश्वर आधारभूत विद्यालयका कक्षा २ का विद्यार्थी विद्यालय नजिकैको जङ्गल गएका थिए । उनीहरूले त्यहाँ विभिन्न बोटबिरुवा देखेका थिए । उनीहरू खासमा चाहिँ कुन कुन बिरुवा पाइन्छ भनेर गएका हुन् । जङ्गलमा पुग्नै लाग्दा शान्ता मिसले तितेपाती चपाउँदै भन्नुभयो, "हेर्नुहोस् त, यो कति मिठो हुन्छ । मैले जसरी को को खान सक्नुहुन्छ ?" मिसले खाएको देखेर विद्यार्थीलाई पनि मिठो हुन्छ होला भन्ने लाग्यो र सबैले दुई दुई पत्ता मुखमा हालेर चपाए । उनीहरूलाई तितो लागेपछि सबैले मुख बिगारे र एकै स्वरमा भने, "मिस, यो त तितो छ । यसको नाम के हो ?" मिसले हाँस्दै भन्नुभयो, "यसको नाम तितेपाती हो । यसले पेट दुखेको ठिक बनाउँछ ।" सबै जना अचम्ममा परे ।



मिसले त्यहाँ पाइने अरू केही जडीबुटी देखाउनुभयो । उहाँले भन्नुभयो, "हेर्नुहोस्, यसको नाम वनमारा हो । यो पनि हामी औषधी हुन्छ । हतियारले काट्यो भने यसको प्रयोग गर्न सकिन्छ ।"पारिजातको बोट पनि त्यहीँ भएकाले सजिलो भयो र उहाँले पारिजात पनि चिनाउनुभयो । पेट दुख्दा खाने भनेर पनि सिकाउनुभयो । नजिकै भुइँमा घोडताप्रे थियो । मिसले घोडताप्रेचाहिँ सर्दीगर्मी मिलाउनका लागि प्रयोग गरिन्छ भन्नुभयो ।

उनीहरू अलि अगाडि बढेका थिए । मिसले निगुरो देखाउँदै भन्नुभयो, "यसलाई चाहिँ हामी तरकारीका रूपमा प्रयोग गर्छौं । विभिन्न रोग लाग्दा अरू तरकारी खान नभए पनि निगुरो खान हुन्छ ।" विद्यार्थीहरू मिसका कुरा ध्यान दिएर सुन्दै थिए । त्यत्तिकैमा सजिनको खुट्टामा जुका लाग्यो । सजिन डराएको देखेर मिसले तितेपातीको रस निचोरेर जुकाले खाएको ठाउँमा हाल्दिनुभयो । जुका झऱ्यो । विद्यार्थीहरू हेर्दै मुसुमुसु हाँसे ।



उनीहरू त्यहाँबाट विद्यालय फर्किने भए । फर्कने क्रममा मिसले हामीले घरमा प्रयोग गर्ने बेसार, अदुवा, अम्बाको पात, तुलसीको पात, निमको पात आदिको बारेमा पनि बताउनुभयो । यिनलाई जडीबुटी भनिने र यी औषधीका रूपमा प्रयोग हुने कुरा पनि बताइदिनुभयो ।







**घुमेपछिको काम**

**१. तलका खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) सबैले दुई दुई ............... मुखमा हालेर चपाए ।

(ख) उहाँले ............... पनि चिनाउनुभयो र पेट दुख्दा खाने भनेर पनि सिकाउनुभयो ।

(ख) त्यत्तिकैमा सजिनको खुट्टामा ............. लाग्यो ।

(ग) विभिन्न रोग लाग्दा अरू तरकारी खान नभए पनि .............. खान हुन्छ ।

(ङ) यिनलाई ........ भनिने र यी ........... रूपमा प्रयोग हुने कुरा पनि बताइदिनुभयो ।

**२. माथिको थलोमा भएको जडीबुटीको नाम टिपोट गर्नुहोस् ।**

**३. तपाईंको घरवरपर भएको कुनै १० ओटा बोटबिरुवाको पात टिपेर ल्याउनुहोस् र कुन कुन जडीबुटी हो, कक्षामा छलफल गरी छुट्याउनुहोस् ।**

**४. तपाईंहरूले ल्याउनुभएको जडीबुटी जम्मा कतिओटा भए ? सबैको नाम चार्ट पेपरमा लेखेर कक्षामा टाँस्नुहोस् ।**

**५. तल दिइएका नामको चित्र बनाउनुहोस् :**

बेसार        पारिजातको पात        अदुवा

**निस्कने ढोका**

**विद्यालयको वरपर सफा गरी एउटा फूलको बोट रोप्नुहोस् ।**

# एकाइ चार : हाम्रो पर्यटन

**छिर्ने ढोका**

**तपाईंको विद्यालय नजिकैको कुनै चर्चित स्थान घुम्न जानुहोस् :**




**पूर्वज्ञान**

(क) तपाईं घुम्न जाँदा के के लैजानुभयो ?

(ख) घुम्न जाँदा किन सामान पनि बोक्नुपर्छ होला ?

(ग) मानिस किन घुम्न जान्छन् होला ?

**घुम्ने थलो १**

## आशापुरेश्वर महादेव मन्दिर



सूर्यविनायक र काभ्रेको सीमामा एउटा दोभान छ । दोभान भनेको दुई नदी जोडिने ठाउँ हो । उक्त दोभानमा एकतिरबाट नर्मदा र अर्कातिरबाट काबेरी खोला आएको छ । त्यही दोभानमा एउटा सुन्दर मन्दिर छ । त्यसै मन्दिरलाई आशापुरेश्वर महादेव मन्दिर भनिन्छ । यो सूर्यविनायक नगरपालिकाको पर्यटकीय तथा धार्मिक स्थल हो ।

आशापुरेश्वर मन्दिरको नाम रहनुको रहस्य रमाइलो छ । पहिले महादेवसँग एक जना मानिसले बस्नका लागि एउटा सुरक्षित ठाउँ मागेका रहेछन् । महादेवले पनि पैँयुका केही सुकेका लौरा दिएछन् । उनले भनेछन्, “यी लौरा गाड्दै जानू । जो जहाँ पलाउँछ त्यही सुरक्षित स्थान हो । त्यहीँ बस्नू ।” उक्त मानिसले लौरो गाड्दै जाँदा यही दोभानमा सुकेको पैँयुको लौरो पलाएछ । मानिसले त्यसपछि उक्त ठाउँलाई आशा पूरा हुने ठाउँ मानेछन् । उनीहरूले आशापुरेश्वर महादेवको मन्दिर पनि बनाएछन् । त्यस ठाउँको नाम नै आशापुरी राखिएको रहेछ ।

आशापुरेश्वर मन्दिरको मुख्य मन्दिर सूर्यविनायक नगरपालिकामा रहेको छ । काभ्रे जिल्लामा पनि यस मन्दिरको स्थान रहेको छ । यहाँ धार्मिक पर्यटक धेरै मात्रामा आउने गर्छन् । अरू पर्यटक पनि आउने गर्छन् ।

**घुमेपछिको काम**

**१. तलका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) सूर्यविनायक र काभ्रेको सिमानामा के छ ?

(ख) दोभानमा कुन कुन खोला भेटिएका छन् ?

(ग) केको लौरो पलायो ?

(घ) आशापुरेश्वर महादेवको मुख्य मन्दिर कहाँ छ ?

**२. तपाईंको घरनजिकको कुनै एक धार्मिक वा पर्यटकीय स्थलको बारेमा पाँच वाक्यमा लेख्नुहोस् ।**

**३. तपाईंको स्कुल भएको वडामा कुन कुन पर्यटकीय स्थल छन् ? कक्षामा विषय शिक्षकलाई सोधेर लेख्नुहोस् ।**

**घुम्ने थलो २**

## हाम्रा पर्यटकीय स्थल

चित्रपुर आधारभूत विद्यालयका कक्षा २ मा पढ्ने विद्यार्थीले आज घुम्ने ठाउँबारे कुरा गरे । उनीहरूले  आफ्नो वडामा भएका घुम्न सकिने स्थानको बारेमा  जानकारी लिए ।

योगेश : साथी तिमीहरूलाई हाम्रो वडा नं. ४ मा रहेका घुम्ने ठाउँबारे थाहा छ त ?

स्मारिका : लौ किन थाहा नहुनु ? हाम्रै स्कुलछेउमा चित्रपुर र नागपोखरी छ नि त ।




योगेश : त्यो त नजिककै कुरा भयो, अरू पनि थाहा पाऊँ न ।

विकास : मलाई थाहा छ । म धेरै ठाउँ घुमेको पनि छु ।

योगेश : लौ भन न त । म पनि यो शनिबार घुम्न जाने सोचमा छु के !

स्मारिका : सँगै जाऔँ न त योगेश म पनि जान्छु के !

योगेश : ल ल पहिले विकासलाई ठाउँको नाम बताउन त देऊ ।



विकास : ल सुन । यो स्कुलछेउको चित्रपुर त छँदै छ । दक्षिण बाराही मन्दिर, चरखण्डी, हिन्चोक भैरव, अनन्तलिङ्गेश्वर मन्दिर, कृष्णमन्दिर पनि छन् नि ।

स्मारिका : ओहो ! यो सबै ठाउँमा पुगेका छौ त तिमी ?

विकास : के कुरा गरेको होला स्मारिकाले ? अनन्तलिङ्गेडाँडा पनि पुगेको छु । त्यहाँबाट काठमाडौँ कस्तो राम्रो देखिन्छ ।

योगेश : ल धेरै ठाउँको बारेमा थाहा पाइयो । स्मारिका भोलि सँगै जाऊँ है त ।

**घुमेपछिको काम**

**१. तलका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) योगेश कुन वडाका ठाउँ घुम्ने योजनामा छन् ?

(ख) चित्रपुर आधारभूत विद्यालयको बाहिर कुन पोखरी छ ?

(ग) वडा नं. ४ भित्र रहेका धार्मिक स्थान के के हुन् ?

(घ) अनन्तलिङ्गेश्वर डाँडाबाट के देख्न सकिन्छ ?

**२. तपाईंको घरनजिकैका पर्यटकीय स्थलको सूची बनाउनुहोस् ।**

**३. तपाईंको स्कुल कति वडामा पर्छ ? स्कुलदेखि नजिकका पर्यटकीय स्थान के के छन्, लेख्नुहोस् ।**

**निस्कने ढोका**

**हाम्रो देशमा घुम्न आउनुहुने पाहुनालाई सत्कार गर्ने तरिकाको नाटिका कक्षामा गरेर देखाउनुहोस् । उक्त कुरा प्रधानाध्यापकलाई पनि देखाउनुहोस् ।**

# एकाइ पाँच : सामाजिक सङ्घसंस्था र घरेलु तथा साना उद्योग

**छिर्ने ढोका**

**तपाईं विद्यालयमा रहेको प्रधानाध्यापकलाई केही प्रश्न सोध्नुहोस् :**

(क) विद्यालयमा विद्यार्थीबाहेक अरू को को आउँछन् ?

(ख) विद्यालयमा अरू मानिस किन आउँछन् ?




**पूर्वज्ञान**

**(क) विद्यार्थीबाहेक पनि किन मानिसहरू विद्यालयमा आएका होलान् ?**

**(ख) विद्यालयमा पढाउने र पढ्नेबाहेक अरू कुन कुन काम हुन्छ होला ? कक्षामा छलफल गर्नुहोस् ।**

**घुम्ने थलो १**

## टोल विकास समिति

चित्तपोलका मञ्जिलका बुबा टोल विकास समितिको बैठकमा जानुभयो । मञ्जिललाई टोल विकास समिति भनेको थाहा थिएन । उनले आफ्नी आमासँग टोल विकास समितिको बारेमा सोधे ।




मञ्जिल : आमा, बुबा कहाँ जानुभएको ?

आमा : बुबा त बैठकमा जानुभएको हो छोरा ।

मञ्जिल : केको बैठक आमा ?

आमा : यस केटालाई कति खोजीनिती चाहिएको टोल विकास समितिको बैठकमा जानुभएको हो ।

मञ्जिल : अलि जिस्कँदै, आमा टोल विकास समिति भनेको के हो ?

आमा : अहो हैन मेरो छोराले कति राम्रो प्रश्न सोधेको ?

मञ्जिल : अनि त । म कति जान्ने है आमा ?

आमा : ल ल सुन । टोल विकास समिति भनेको टोलको विकास गर्नका लागि तयार पारेको मानिसको समूह हो ।

मञ्जिल : अनि बैठक चाहिँ किन बस्नुपर्छ आमा ?

आमा : बैठकबाट टोलमा के कुरा भइरहेको छ भन्ने थाहा हुन्छ । कुन काम गर्नुपर्छ भन्ने पनि जानकारी हुन्छ । सबैको सल्लाहबाट नयाँ कामको सुरुवात गर्न सकिन्छ । टोलका समस्या र समाधानका बारेमा सल्लाह हुन्छ ।

मञ्जिल : टोल सुधार समितिजस्तै अरू के के हुन्छन् नि ?

आमा : धेरै हुन्छन् । महिला समूह, बाल क्लब, युवा क्लब, वन उपभोक्ता समिति आदि । ल अब स्कुल जाने बेला भयो । तयार हुन जाऊ ।

मञ्जिल : हस् आमा ।

(मञ्जिल र आमा भान्सातिर लाग्छन् ।)

**घुमेपछिको काम**

**१. तलका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) संवाद कसकसको बिचमा भएको छ ?

(ख) मञ्जिलका बुबा कहाँ जानुभयो ?

(ग) टोल विकास समितिले के काम गर्दो रहेछ ?

(घ) अरु कुन कुन समिति हुँदा रहेछन् ?

**२. तपाईंको कक्षामा कक्षा राम्रो बनाउनका लागि समिति बनाउनुहोस् र समितिले गर्ने कुनै पाँचओटा कार्य समूहमा छलफल गरी लेख्नुहोस् ।**

**३. तपाईंको टोलमा रहेको समितिको नाम लेखी उक्त समितिले गर्ने तीनओटा काम बुबाआमालाई सोधेर लेख्नुहोस् ।**

घुम्ने थलो २

## स्थानीय रूपमा निर्मित सामग्री

स्थानीय रूपमा निर्मित सामग्री भनेको गाउँघरतिर स्थानीय सिपकै आधारमा बनेको सामग्री हो । यस्ता सामग्रीले घरभित्रको कामदेखि खेतीपातीका काममा समेत सहयोग पुग्छ । यस्ता धेरै सामग्री छन् । तीमध्येका केही सामग्रीको परिचय यस्तो छ :

### १. हँसिया

हँसिया फलामले बन्ने एकप्रकारको घरेलु सामग्री हो । यो कुप्रो आकारमा बनाइएको हुन्छ । यसको आकारअनुसार नाम पनि राखिएको हुन्छ । सानो भएमा हँसिया भनिन्छ । ठुलो आकार भएमा चाहिँ खुर्पा भनिन्छ । यसलाई स्थानीय भाषामा हँस्या, आँसी आदि भनिन्छ । हँसियामा दाँत हुन्छ । त्यसलाई करौँती भनिन्छ । करौँती विशेषतः धान र भिरको खर काट्न प्रयोग हुन्छ । कति ठाउँमा घाँस काट्न पनि यसको प्रयोग गरेको हुन्छ । यसको निर्माण गाउँकै आरनमा फलाम पिटेर बनाइन्छ । समाउने भाग सजिलो होस् भनेर काठको बिँड हालिन्छ । कतै कतै भेडा लगायतको जनावरको सिङ पनि बिँडको रूपमा प्रयोग गरेको पाइन्छ ।



### २. ढिकी

ढिकी धान कुट्नका लागि प्रयोग हुने स्थानीय सामग्री हो । यो काठबाट बनेको हुन्छ । दुई ओटा काठको मुडा ठड्याएर त्यसमा एउटा मुढा तेर्सो बनाइएको हुन्छ । त्यही तेर्सो बनाइएको मुढाको धान कुट्ने भागमा फलामको दाह्रा भएको सामग्री प्रयोग गरिन्छ । यसलाई मुसल भनिन्छ । ढिकीमा धान राख्ने ठाउँलाई ओखल भनिन्छ । ओखल ठुलो ढुङ्गामा एउटा खाल्डो बनाइएको ठाउँ हो । मुसलले त्यस खाल्डामा रहेको धानलाई सजिलै कुट्छ । ढिकीमा धान कुट्दा एक जना धान लगाउने र निफन्ने मान्छे हुन्छ । एक वा दुई जना ढिकी कुट्ने मान्छे हुन्छन् ।



**घुमेपछिको काम**

**१. तलका प्रश्नको एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) हँसिया केबाट बन्छ ?

(ख) ढिकीमा कुन कुन सामान हुन्छ ?

(ग) घरेलु सामग्रीले के के काम गर्छ ?

(घ) ढिकीमा धान केमा राखिन्छ र कुटिन्छ ?

**२. तपाईंको घरमा कुन कुन घरेलु औजार छन् ? तिनीहरू केबाट बन्छन् र तिनले के के काम गर्छन् ? तिनको नाम लेखी काम पनि लेख्नुहोस् :**

| औजारको नाम | केबाट बनेको छ ? | के काम गर्छ ? |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

**३. हामीले घरेलु प्रविधिका सामान किन जतनले राख्नुपर्छ ? आफ्नो विचार पाँच वाक्यमा राख्नुहोस् ।**

**४. माथि दिइएका बाहेक कुनै अन्य दुई घरेलु प्रविधिबाट बन्ने सामानको चित्र बनाई त्यसमा रङ भर्नुहोस् ।**

**निस्कने थलो**

**कक्षाकोठाको नियम बनाउन बैठक बस्नुहोस् र केही नियम बनाउनुहोस् ।**

# एकाइ छ : स्थानीय कृषि र पशुपालन

**छिर्ने ढोका**

सबैले आफ्नो आफ्नो घरमा भएको एक एक प्रकारको तरकारी ल्याउनुहोस् ।




**पूर्वज्ञान**

(क) तपाईंले ल्याएको तरकारी विद्यालयको एउटा कुनामा राख्नुहोस् ।

(ख) कुन तरकारी कुन ठाउँमा फल्छ होला ? कक्षामा छलफल गर्नुहोस् ।

**घुम्ने थलो १**

## हाम्रो बाली तरकारी



आकाशबाट पानी पर्‍यो सबै खुसी भए
किसानहरू बारीतिर खेती गर्न गए ।
पानी परेपछि त माटो पनि गल्ने
तरकारी र अन्न दुवै बारीमा हो फल्ने ।

गहुँ फल्छ, मकै फल्छ, फल्छ कोदो धान
अन्नमात्र होइन नि त तरकारी नि जान ।
च्याउ खेती गर्दा फेरि निकै फाइदा हुन्छ
घिरौँला र करेला खान काइदा हुन्छ ।



किसानले बुझ्नुपर्छ जनताको माग
बारीभरि अन्न जस्तै रापौँ मुला साग ।
बन्दा काउली सबैतिर मिठो मानी खान्छन्
घिउसिमी, बरेला त बारीबाटै लान्छन् ।



अम्बा, आँप, कटहर मिठो हुन्छ मेवा
भुइँकटहरले स्वास्थ्यमा नि गर्छ हाम्रो सेवा
नास्पाती र खुर्पानीको आहा कत्रो बोट
असिनाले किसानलाई नपरोस् है चोट ।





**घुमेपछिको काम**

**१. तलको तालिकाबाट पाँचओटा फलफूल, पाँचओटा अन्नको नाम र पाँचओटा तरकारीको नाम पत्ता लगाउनुहोस् :**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क | आँ | म | सु | न्त | चा | बो |
| रे | प | कै | न्त | सा | ग | डी |
| ला | प | का | ला | फा | प | र |
| धा | र | ख | उ | खु | र्पा | ने |
| न | ब | न्दा | को | ली | बा | सी |
| मे | ल | वा | दो | लि | ग | मे |
| बा | री | मु | ला | चि | हुँ | वा |

**२. तरकारी र फलफूल किन खानुपर्छ ? समूहमा छलफल गर्नुहोस् र कक्षामा पालैपालो सुनाउनुहोस् ।**

**३. तल दिइएको नामको चित्र बनाई रङ भर्नुहोस् :**


स्याउ मेवा घिरौँला आलु

**घुम्ने थलो २**

**हाम्रा जनावर**

जनावर हेर्नुहोस्, चिन्नुहोस् र भन्नुहोस् :

**जङ्गली जनावर :**



जङ्गलमा बस्ने जनावरलाई जङ्गली जनावर भनिन्छ । यी जनावर स्वतन्त्र रूपमा बस्न रुचाउँछन् । सिंह, गैँडा, बाघ जङ्गली जनावर हुन् ।

यस सूर्यविनायक नगरपालिकामा मृग, स्याल, चितुवा, बाँदर, वनबिरालोजस्ता जङ्गली जनावर पाइन्छन् ।

**घरपालुवा जनावर**



घरमा पालिने जनावरलाई घरपालुवा जनावर भनिन्छ । यी जनावर खानपिन र बसाइका लागि मानिसमा निर्भर हुन्छन् । कुकुर, बिरालो, गाई, भैँसी, खरायो, बाखा आदि घरपालुवा जनावर हुन् ।

यस सूर्यविनायक नगरपालिकामा कुकुर, बिरालो, गाई, भैँसी, खरायो,

बाख्रा, घोडाजस्ता घरपालुवा जनावर पाइन्छन् ।

**घुमेपछिको काम**

**१. तलका वाक्यमा ठिक बेठिक छुट्याएर लेख्नुहोस् :**

(क) जङ्गली जनावर भनेका कस्ता जनावर हुन् ?

(ख) जङ्गली जनावरले के कुरा गर्न रुचाउँछन्?

(ग) घरपालुवा जनावर भनेका कस्ता जनावर हुन् ?

(घ) घरपालुवा जनावर खानपीनका लागि कोसँग निर्भर हुँदा रहेछन् ?

**२. तपाईंको घरवरपर रहेका कुनै तीन घरपालुवा जनावरको नाम टिपी तिनको खानपिनको बारेमा एक अनुच्छेद लेख्नुहोस् ।**

**३. जङ्गली जनावरसँग किन सावधानी अपनाउनुपर्छ ? समूहमा छलफल गरी लेख्नुहोस् ।**

**निस्कने ढोका**

**विद्यालयको हातामा मौसम अनुसारको तरकारी रोप्नुहोस् । एक महिनामा कति बढ्दो रहेछ, स्केलले नापेर लेख्नुहोस् ।**

# एकाइ सात : शिक्षा, स्वास्थ्य र खेलकुद

**छिर्ने ढोका**

सबैले बिहान घरमा खाएर आएको खानेकुराको नाम कापीमा लेख्नुहोस् ।

**पूर्वज्ञान**

**(क) कुन खानेकुरा कहाँबाट प्राप्त हुन्छ ? लेख्नुहोस् ।**


**(ख) मानिसले किन खानेकुराको व्यवस्था मिलाउनुपर्छ ?**

**(ग) नराम्रो खानेकुरा किन खानु हुँदैन ?**

**घुम्ने थलो १**

## व्यक्तिगत सरसफाइ

"ए, ल सबैले आफ्नो हातको नङ देखाउनुहोस् त ।" कक्षामा आउनेबित्तिकै रमा मिसले भन्नुभयो । आज आइतबार हो । मिसले आइतबार र बुधबार सबैको हातको नङ जाँच्नुहुन्छ । यस दिन उनीहरूलाई सरसफाइको बारेमा पढाउनुहुन्छ । विद्यार्थीहरू पनि नङ राम्रोसँग काटेर आउँछन् । आज चाहिँ मिसले नङ जाँचेपछि हात कसरी धुन सिकाउनुभएको छ । मिसले हात धुने तरिकाको तस्बिर देखाउँदै भन्नुभयो, ल हेर्नुहोस्, "यस तस्बिरमा हामीले हात धुने तरिका दिइएको छ । सबैले एकपटक राम्रोसँग हेर्नुहोस् त ।"




सबैले हात धुने तरिका राम्रोसँग हेरे । त्यहाँ ३० सेकेन्डसम्म हात धुने सात चरण दिइएको थियो । सबैले हेरिसकेपछि मिसले फेरि भन्नुभयो, "ल अब सबैले आजबाट यसरी नै हात धुनुपर्छ है । होइन भने हाम्रो स्वास्थ्यमा समस्या आउन सक्छ । सबैले मिसको कुरा सुने । हात धुने तरिका पनि देखे । उनीहरू सबैले एकै स्वरमा भने, "हामी आजबाट हात धुने सातै चरण प्रयोग गर्ने छौँ ।" सबैले तालीसमेत बजाए । यो कुरा बालकोटको गणेश आधारभूत विद्यालयको कक्षा २ मा भएको हो ।

**घुमेपछिको काम**

१. ठिक भए ठिक र बेठिक भए बेठिक चिह्न लगाउनुहोस् :

बपदकपबवहदपकबलदह

(ख) हात सुत्ने बेलामा मात्र धुनुपर्छ ।

(ग) हात धुँदा साबुन पानी प्रयोग गर्नुपर्छ ।

(घ) हात नधोई खाएमा रोग लाग्दैन ।

**२. हात कति चरणसम्म धुनुपर्ने रहेछ ? लेख्नुहोस् ।**

**३. कक्षामा सबै जनाले हात धुने काम माथि दिइएजस्तै तहगत रूपमा गुर्नहोस् ।**

**४. तपाईंको विद्यालयको नजिकैको स्वास्थ्य चौकीमा जानुहोस् र तलको तालिका भर्नुहोस् :**

| | |
|---|---|
| स्वास्थ्य चौकीको नाम | |
| जम्मा काम गर्ने मानिसको सङ्ख्या | |
| जम्मा कोठाको सङ्ख्या | |
| त्यहाँको सबैभन्दा ठुलो स्वास्थ्यकर्मीको नाम | |
| स्कुलबाट रहेको दुरी | |

**४. तपाईंका प्रधानाध्यापकले कहिले कहिले हात धुनुहुँदो रहेछ ? कक्षामा बोलाएर सोध्नुहोस् र कापीमा लेख्नुहोस् ।**

**घुम्ने थलो २**

# स्थानीय खेलकुद

स्थानीय खेल खेलकुद सामग्री प्रयोग गरेर वा नगरी खेल्न सकिन्छ । यसका सामान्य नियम हुन्छन् । यसमा स्थानीय स्तरमा उपलब्ध खेल सामग्रीको प्रयोग गरिन्छ । स्थानीय तथा साधारण खेल आआफ्नै नियममा खेलिन्छन् ।

## १.तातो आलु



तातो आलु खेल्दा सुरुमा सबै जना गोलो घेरामा उभिनु वा बस्नुपर्छ । यो खेल खेल्नका लागि एउटा बल र एउटा बाजा बज्ने स्थानीय सामग्री चाहिन्छ । सुरुमा एक जनाको हातमा बल दिइन्छ । बाजा बज्न थालेपछि बल पालैपालो दाहिनेतिरको साथीलाई पास गर्नुपर्छ । बाजा बजाउनेले भने खेलमा सहभागीले बल पास गरेको हेर्न पाउँदैन । जति बेला बाजा बज्न छोड्छ त्यसपछि बल पास गर्न पाइन्न । आवाज रोकिँदा जसको हातमा बल हुन्छ ऊ खेलबाट बाहिरिन्छ । यो काम फेरि दोहोऱ्याइन्छ । अन्तिममा जो बाँकी रहन्छ ऊ नै विजेता बन्छ ।

## २. रुमाल लुकाइ



रुमाल लुकाइमा सुरुमा सबै जना गोलो घेरामा बस्नुपर्छ । यसमा सबै विद्यार्थी बस्नुपर्छ भने हातमा रुमाल लिने चाहिँ दौडनका लागि उठ्नुपर्छ । उठेको विद्यार्थीले रुमाल लुकाएर गोलो घेराको वरपर दौडनुपर्छ । उसले सुटुक्क कुनै साथीको पछाडि रुमाल राखेर पुनः एकपटक घुमेर त्यहीँ आउनुपर्छ । जो व्यक्तिको पछाडि रुमाल राखेको हो उसले रुमाल राख्ने व्यक्ति आइनपुग्दै थाहा पाएमा त्यो रुमाल लिएर दौडनुपर्छ । रुमाल राख्ने व्यक्ति उसको ठाउँमा बस्नुपर्छ । जसको पछाडि रुमाल राखिएको हो उसले थाहा नपाएमा रुमाल राख्ने व्यक्तिले रुमाल टिपेर रुमाल राखेको व्यक्तिलाई एक फन्को लखेट्नुपर्छ । यो समूहमा रमाइलोका लागि खेलिने खेल हो ।

सूर्यविनायक नगरपालिकामा स्थानीय खेलका रूपमा चुङ्गी, लक्कुढाल, बाघचाल, मुसाबिरालो, रुमाल लुकाइ आदि खेलहरू खेल्ने गरिन्छ ।

**घुमेपछिको काम**

**१. ठिक बेठिक छुट्याउनुहोस् :**

(क) रुमाल लुकाइ खेल खेल्दा पछाडि फर्केर हेर्नुपर्छ ।

(ख) तातो आलु खेल खेल्दा बल समाइराख्नुपर्छ ।

(ग) रुमाल लुकाइ खेल गोलो घेरामा बसेर खेल्नुपर्छ ।

(घ) तातो आलुमा सुरुमा नै बाहिर निस्कने साथी बिजेता हुन्छ ।

**२. तपाईंले तातो आलु र मुसा बिरालो जस्तै कुन कुन खेलको बारेमा जान्नुभएको छ ? कक्षामा साथीसँग छलफल गरी कक्षामा सुनाउनुहोस् ।**

**३. तातो आलु खेलका नियमलाई बुँदा बनाएर लेख्नुहोस् ।**

**निस्कने ढोका**

**विद्यालयका प्रधानाध्यापकलाई बोलाइ हात धुने प्रक्रिया अनुसार धुन लगाउनुहोस् र अन्य शिक्षकलाई पनि पालैपालो यही प्रक्रिया दोहोऱ्याउन लगाउनुहोस् ।**

# एकाइ आठ : सूचना, सञ्चार, स्थानीय प्रविधि तथा यातायात

**छिर्ने ढोका**

**ट्राफिक नियमसम्बन्धी एउटा भिडियो हेर्नुहोस् ।**

**पूर्वज्ञान**

(क) भिडियोमा के के देख्नुभयो ?

(ख) हामीले ट्राफिक नियम किन पालना गर्नुपर्छ होला ?

**घुम्ने थलो १**

## सञ्चारका साधन

(महाकालेश्वर आधारभूत विद्यालयका कक्षा २ मा पढ्ने विद्यार्थीले रेडियोमा समाचार सुने । यसपछि कक्षाका रीतिका बाडे र कृतिका तामाङले कुराकानी गरे ।)




कृतिका : सुन न रीतिका, आज मिसले किन युट्युबको भिडियो नदेखाई रेडियोको समाचार सुनाउनुभएको होला है ?

रीतिका : खै मलाई पनि कस्तो युट्युब हेर्न मन थियो । हाम्रो घरमा नेट पनि चलेको छैन ।

कृतिका : किन नचलेको हो र ?

रीतिका : खै बाबाले हामीले धेरै मोबाइल हेर्‍यौँ भनेर नेट नै राखिदिनुभएन नि ।

कृतिका : घरको कुरा छोडौँ । स्कुलमा एक दिन चाहिँ पुरै कम्प्युटर चलाउने दिन बनाए हुने थियो है । कस्तो मजा आउँथ्यो होला है ।



रीतिका : हामी हेड सरलाई भनौँ न । सबैले भनेपछि सरले मान्नुहुन्छ कि ?

कृतिका : मान्नुहुन्न होला । सुन न, हामीले समाचार अरू के केबाट सुन्न सक्छौँ ?

रीतिका : घरमा हजुरबुबाले बिहानै रेडियो बजाउनुहुन्छ । घरमा पत्रिका पनि आउँछ । मोबाइलमा पनि समाचार हेर्न र पढ्न सकिन्छ रे ।

कृतिका : त्यही त नेट भएपछि झन् कति धेरै सूचना पाइने रहेछ । घरमा नेट जोड्न भन ल तिमी ।

रीतिका : कृतिका, समाचार सुनेर के फाइदा हुन्छ हामीलाई ?

कृतिका : धेरै कुराको ज्ञान हुन्छ । देशविदेशका कुरा थाहा हुन्छ । नयाँ नयाँ कुरा थाहा हुन्छ । ए ल जाऔँ अब । कक्षा सुरु हुन लागेछ ।

रीतिका : ल जाऔँ ।

**घुमेपछिको काम**

**१. तलको खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) खै बाबाले हामीले धेरै .......... हेर्‍यौँ भनेर नेट नै राखिदिनुभएन नि ।

(ख) ..................... सुनेर के फाइदा हुन्छ हामीलाई ?

(ग) देशविदेशका ................ थाहा हुन्छ ।

(घ) घरमा ........... पनि आउँछ ।

**२. तपाईंको विद्यालयका शिक्षकले कुन कुन माध्यमबाट समाचार सुन्नुहुन्छ ? तलको तालिकामा भर्नुहोस् :**

| शिक्षकको नाम | समाचार सुन्ने माध्यम |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |

**३. समाचार सुनेर हुने फाइदा के के होलान् ? कक्षामा दुई जना साथीबिच छलफल गरी कक्षामा सुनाउनुहोस् ।**

**४. कुनै दुईओटा सञ्चारका साधनको चित्र बनाई रङ भर्नुहोस् ।**

**घुम्ने थलो २**

# ट्राफिक हाम्रो साथी

डा. हरिप्रसाद सिलवाल र प्रमिला सुवेदी

सडक बत्ती हेरी हेरी पाइला उचालौँ
परिएला दुर्घटनामा जीवन नफालौँ ।




ए बुबा सवारी छिटो हाँक्नुहुन्न
सडकबिचमा जथाभावी गाडी रोक्नुहुन्न ।
पख्नुस् आमा जहाँसुकै बाटो काट्ने हैन
यहाँ बाटो काट्नलाई जेब्रा क्रसिङ छैन ।

स्कुलका साथीहरू सजग बन्नुपर्छ
बाटो काट्न नजान्नेलाई सिकाउनुपर्छ ।
वरदान हो सडकवारि सुरक्षित जिऊँ
जेब्रा बत्ती, पुल, सुरुङ जानकारी लिऊँ ।



ड्राइभिङ गर्दा चालकले रक्सी खानु हुन्न
ट्राफिकले कारबाही गर्छन् जसले मान्नुहुन्न ।
बनेका छन् आकाशेपुल हेर बाटामाथि
सहयोगी हुनुपर्छ ट्राफिक हाम्रै साथी ।

**घुमेपछिको काम**

**१. तलका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) पाइला कसरी सार्नुपर्छ ?

(ख) के छिटो हाँक्नुहुन्न ?

(ग) के के कुराको जानकारी लिनुपर्छ ?

(घ) ट्राफिक को हुन् ?

**२. सडकबाहेक अरु कुन कुन बाटा हुन्छन् ? कक्षामा समूहमा छलफल गर्नुहोस् । तिनीहरूमा के कसरी हिँडिन्छ ? त्यो पनि लेख्नुहोस् ।**

**३. तलको ट्राफिक बत्तीको रङ हेरी उक्त बत्ती बल्दा गर्नुपर्ने काम लेख्नुहोस् :**



**निस्कने ढोका**

**तपाईंको विद्यालयमा ट्राफिक नियमसम्बन्धी प्लेकार्ड बनाएर देखाउनुहोस् ।**

# एकाइ नौ : विपत् र विपत् व्यवस्थापन

**छिर्ने ढोका**

(क) पहिरो गएको एउटा भिडियो कक्षामा हेर्नुहोस् ।

(ख) भिडियोमा के के कुरा पहिराले पुरेको वा बगाएको छ, लेख्नुहोस् ।

**पूर्वज्ञान**

(क) पहिरो किन जान्छ होला ? कक्षामा छलफल गरी त्यसलाई रोक्न के के गर्न सकिन्छ ? लेख्नुहोस् ।

**घुम्ने थलो १**

## विपत् र त्यसको व्यवस्थापन

सूर्यविनायक नगरपालिका पहाडी भूभाग तथा उपत्यका मिलेर बनेको छ । २०७२ सालको विनाशकारी भूकम्प जाँदा यस नगरपालिकामा पनि धेरै असर परेको थियो । यस क्षेत्रका घरहरू भत्किएका थिए । पहाडमा पहिरो गएको थियो । यहाँ धेरैतिर सडक खनिएको छ । बाटो खन्दा निस्किएको माटाले पनि समस्या थपेको छ । पहिरो जाने र पहाडका भाग भत्किने हुँदा हिँडडुल गर्न गारो हुन्छ । कहिलेकाहीँ चट्याङ, असिना, खडेरी, हावाहुरीले पनि हामीलाई प्रभाव पार्छ ।



मानिसका कामले पनि विपत् ल्याउँछ । विकास गर्दा मानिसले ध्यान दिनुपर्छ । विपत् परेका समयमा मानिसले सहयोग गर्नपर्छ । विपत्‌बाट जोगिन विद्यालय, वडा तथा पालिकामा विपत् घटाउने योजना बनाएर काम गर्नुपर्छ । महिला समूह, बाल क्लब, टोल सुधार समितिमा पनि विपत् बारेमा छलफल गर्नुपर्छ । यसो गर्दा कम क्षति गराउन सहयोग पुग्छ ।



**घुमेपछिको काम**

**१. एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) सूर्यविनायक नगरपालिकाको भूभाग कस्तो छ ?

(ख) कहाँ कहाँ विपत् आइपर्छन् ?

(ग) विपत् घटाउन कहाँबाट सुरु गर्नुपर्छ ?

(घ) विपत् पर्दा मानिसले के गर्नुपर्छ ?

**२. विपत् पर्दा कसरी जोगिन सकिन्छ ? कक्षामा समूहमा छलफल गरी लेख्नुहोस् ।**

**३. हाम्रो वरपर कुन कुन प्रकारका विपत् छन् ? सूची बनाउनुहोस् ।**

**४. तलको चित्र हेर्नुहोस् र यहाँ के के भएको छ ? सातओटा बुँदामा लेख्नुहोस् :**



**निस्कने ढोका**

**विपत्सम्बन्धी जनचेतना जगाउने प्लेकार्ड बोकी स्कुल वरपर र्‍याली निकाल्नुहोस् ।**